सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र

हरिहरभवन, ललितपुर

# प्रेस विज्ञप्ती

## तालिम प्रभावकारिता अभिबृद्धि सम्बन्धी अन्तरक्रिया कार्यक्रम

सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र, ललितपुरको विशेष पहलमा र आयोजनामा आज मिति २०८० साल कार्तिक १७ गते नेपाल सरकार अन्तर्गत केन्द्रीय स्तरका तालिम प्रदायक निकायका प्रमुख एवं प्रतिनिधि पदाधिकारीहरूबीच **"तालिम प्रभावकारिता अभिबृद्धि सम्बन्धी अन्तरक्रिया कार्यक्रम"** बिषयक एक छलफल एवं अन्तरक्रिया कार्यक्रमको आयोजना भयो। कार्यक्रमको मुख्य उद्देश्य तालिम प्रदायक संस्थाहरूबीचको Reference Practice आदानप्रदान गर्नु, एक अर्काका तालिम मोड्युलहरूबारे जानकारी हासिल गर्नु, आगामी दिनमा तालिम कार्यक्रममा समेट्नुपर्ने बिषयहरू र भावी रणनीतिबारे गहन छलफल र सुझाव आदानप्रदान गर्नु रहेको थियो।

उक्त छलफल कार्यक्रममा सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्रका तालिम प्रमुख श्री राम प्रसाद आचार्य, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक डा. राजन खनाल, वरिष्ठ अध्ययन निर्देशक श्री वसन्तराज सिग्देल, राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानका प्रहरी अतिरिक्त महानिरीक्षक श्री सन्दिप भण्डारी, दूर सञ्चार तालिम तथा अनुसन्धान केन्द्रका निर्देशक श्री राजेश जोशी, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक श्री कानूनलाल चौधरी, राष्ट्रिय न्यायिक प्रतिष्ठान नेपालका निर्देशक श्री श्रीकृष्ण मुल्मी, सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्रका प्राचार्य श्री विष्णु पौडेल, हुलाक प्रशिक्षण केन्द्रका मुख्य प्रशिक्षक श्री सबिता कार्की, न्याय सेवा तालिम केन्द्रका उप-तालिम प्रमुख श्री रिन्जा डंगोल, कृषि सूचना तथा प्रशिक्षण केन्द्रका प्रमुख श्री प्रकाश कुमार संजेल, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका उप-कार्यकारी निर्देशक श्री सावित्री अर्याल, नेपाल राष्ट्र बैंक बैंकर्स प्रशिक्षण केन्द्रका उप-निर्देशक श्री सजना शिल्पकार, शिक्षा तथा मानव स्रोत विकास केन्द्रका उप-महानिर्देशक श्री रुद्रप्रसाद अधिकारी, राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रका प्रमुख प्रशिक्षक डा. ईश्वर प्रसाद उपाध्याय, प्रदेश सुशासन केन्द्र, जावलाखेलका पाठ्यक्रम विकास विज्ञ श्री मदन कुमार खरेल, नेपाल बैंक लिमिटेडका वरिष्ठ व्यवस्थापक श्री श्री प्रसाद सिवाकोटी, सशस्त्र प्रहरी बल नेपाल प्रशिक्षण प्रतिष्ठानका निमित्त समादेशक श्री नरेन्द्र सेन, भूमि व्यवस्थापन प्रशिक्षण केन्द्रका निर्देशक श्री रामकुमार सापकोटा, राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्रका वरिष्ठ कन्सल्टेण्ट डा. विकासराज घिमिरे, प्रदेश सुशासन केन्द्र, बागमती प्रदेशका कार्यकारी निर्देशक श्री गोपाल कृष्ण न्यौपाने, व्यवसायिक तथा सीप विकास तालिम प्रतिष्ठानका निर्देशक श्री बिन्दा आचार्य, नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठानका श्री हिराजन काफ्ले, अर्थ मन्त्रालयका उपसचिव श्री शंकर राज पाठक, शाखा अधिकृत श्री युक्त सुवेदी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका उप-सचिव श्री रामु राज कडरिया, महालेखापरीक्षकको कार्यालयका नायब महालेखापरीक्षक श्री शंकर पन्थी, महालेखा नियन्त्रक कार्यालयका उप महालेखा नियन्त्रक श्री निरज के.सी., भन्सार विभागका उपमहानिर्देशक श्री रमेश अर्याल, आन्तरिक राजस्व विभागका निर्देशक श्री दिनेश पाण्डे, सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्रबाट तालिम लिएका पूर्व प्रशिक्षार्थीहरू लगायत सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्रका वरिष्ठ प्रशिक्षकहरू, प्रशिक्षकहरू, अधिकृत तथा सहायक कर्मचारीहरूको उपस्थिति रहेको थियो।

अन्तरक्रिया कार्यक्रमको सुरुवातमा सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्रका तालिम प्रमुख श्री राम प्रसाद आचार्यले तालिम केन्द्रको परिचय र तालिम केन्द्रको काम, उद्देश्य, तालिम केन्द्रले तालिम प्रदान गर्नुपर्ने सम्भावित कर्मचारी सङ्ख्या, आदिबारे संक्षिप्त प्रस्तुतीकरण गर्नुभएको थियो। अन्तरक्रिया कार्यक्रममा उपस्थित सहभागीहरूले आ-आफ्ना तालिम केन्द्रका इतिहास, विगतका उपलब्धि, हाल सञ्चालनमा रहेका कार्यक्रम र भविष्यको दूरदृष्टिबारे चर्चा गर्नु भएको थियो। कार्यक्रमको निष्कर्ष प्रस्तुत गर्दै सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्रका तालिम प्रमुख श्री राम प्रसाद आचार्यले बैठक अत्यन्त उपयोगी रहेको र आगामी दिनमा पनि यस्तै कार्यक्रमहरू निरन्तर पालैपालो फरक फरक तालिम केन्द्रहरूमा अयोजना गर्ने र सहभागितालाई अझ व्यापक बनाउँदै लाने सहमति भएको कुरा बताउनु भयो।

गोपीकृष्ण कोइराला
वरिष्ठ प्रशिक्षक
सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र
हरिहरभवन, ललितपुर